नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय, मोरङ**
विराटनगर

कार्यालय: ०२१-५१५२५१,५७६९०८
वेवसाईट: daomorang.moha.gov.np
E-mail: dao.morang1@gmail.com
daomorang101@gmail.com

प.सं.: (स्थानीय प्रशासन) ०८३/८४

## प्रेस विज्ञप्ती

मोरङ जिल्लाको विराटनगर महानगरपालिकामा आँखा अस्पताल /आँखा उपचार केन्द्र लगायत विभिन्न नामले सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरूका सम्बन्धमा विभिन्न गुनासाहरू प्राप्त भएको सन्दर्भमा स्वास्थ्य मन्त्रालय कोशी प्रदेश र यस कार्यालयको संयुक्त अनुगमन टोलीले गरेको कारबाही तपशिल बमोजिम रहेको व्यहोरा जानकारी गराइन्छ।

### तपसिल

१. यस कार्यालयका स.प्र.जि.अ. श्री पवन राज कोइराला, कोशी अस्पतालका प्रमुख कन्सल्टेन्ट अप्थाल्मोलोजिष्ट डा. शक्ति प्रसाद सुवेदी, स्वास्थ्य निर्देशनालय धनकुटाका अस्पताल नर्सिङ प्रशासक श्री आस्था थापा, जिल्ला प्रशासन कार्यालय मोरङका प्र.अ. श्री कोविद ढकाल समेतको टोलीबाट मिति २०८३/४/२४ गते नगरका केही निजी स्वास्थ्य संस्थाहरूको अनुगमन गरिएको थियो।

२. उक्त अनुगमनमा जनस्वास्थ्य सेवा ऐन, २०७५, जनस्वास्थ्य सेवा नियमावली, २०७७, स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० अनुसार आँखा अस्पताल विशेषज्ञ सेवा अन्तर्गत रहेको तर उल्लेखित ऐन, नियम, निर्देशिका बमोजिम आँखा अस्पतालको मापदण्ड अनुसार सञ्चालन भएको नपाइएको, आँखा उपचार केन्द्रको अनुमति लिई आँखा अस्पताल सञ्चालन गरेको, आँखाको उपचार केन्द्रमा नाक, कान, घाँटी (ENT) को सेवा पनि प्रदान गरेको, तोकिएको अनुमति प्राप्त सेवाहरू भन्दा बढी/फरक सेवा सञ्चालन गरेको पाइएकाले त्यस्ता कैफियत व्यहोरामा, सम्बन्धित स्वास्थ्य संस्था सञ्चालकहरूले समेत सहमति जनाई मुचुल्का प्रमाणित भएको छ।

३. अनुगमन तथा निर्देशन पश्चात स्वास्थ्य संस्थाहरूले कानुन बमोजिम सुधारको प्रक्रिया अगाडि बढाएको नपाइएकाले यस कार्यालयको निर्णय अनुसार स्वास्थ्य मन्त्रालय कोशी प्रदेश विराटनगरको अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा प्रमुख डा. राम हरी रेग्मी, यस कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री पवन राज कोइराला र प्रशासकीय अधिकृत श्री कोविद ढकाल सहितको अनुगमन समिति गठन भई मिति २०८३/४/२७ र २८ गते विराटनगरका ७ (सात) वटा उपचारमा

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, मोरङ

कार्यालय: ०२१-५१५२५१,५७६९०८
वेबसाईट: daomorang.moha.gov.np
E-mail: dao.morang1@gmail.com
daomorang101@gmail.com

विराटनगर मन्त्रालय प्रशासन कार्यालय मोरङ

प.सं.: (स्थानीय प्रशासन) ०८३/८४

संलग्न देहायका स्वास्थ्य संस्थाहरू उल्लेखित ऐन, नियम, मापदण्ड तथा निर्देशिका बमोजिम सञ्चालन नभएको पाइएकाले तालाबन्दी (सील) गरिएको छ।

| | |
|---|---|
| १. बिराट आँखा अस्पताल प्रा.ली | विराटनगर १४ |
| २. संजिवनी आइ केयर प्रा.ली | विराटनगर १० |
| ३. हिमाल आँखा अस्पताल प्रा.ली | विराटनगर १३ |
| ४. विराट रानी आँखा अस्पताल प्रा.ली | विराटनगर ९ |
| ५. अखण्ड ज्योती आँखा अस्पताल प्रा.ली | विराटनगर १५ |
| ६. नेपाल आँखा अस्पताल प्रा.ली | विराटनगर १३ |
| ७. इफराह आँखा अस्पताल प्रा.ली | विराटनगर १५ |

४. आज मिति २०८३/०४/२९ गते स्वास्थ्य मन्त्रालय, कोशी प्रदेशबाट खटिनुभएका विज्ञ महाशाखा प्रमुख कार्यव्यस्तताका कारण उपस्थित हुन नसक्नुभएकाले प्राविधिक तथा विज्ञ सेवा प्राप्त गर्न सकिएन; सोही कारण आजको अनुगमन कार्य स्थगित गरिएको व्यहोरा जानकारी गराइन्छ।

५. स्वास्थ्य संस्थाहरूको अनुगमन सम्बन्धि प्रतिवेदन, कानुन विपरित सञ्चालित स्वास्थ्य संस्थाहरूलाई कानुन बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा पठाउने व्यहोरा समेत जानकारी गराइन्छ।

मिति: २०८३/०४/२९

२०८३।४।२९

सहायक प्रमुख जिल्ला अधिकारी